## वैदेशिक रोजगारमा काम गर्न जाने कामदारहरुलाई काम सम्बन्धी सिप विकास तालिम दिने संस्थाहरुको अनुमतिपत्र नवीकरण गर्ने बारेको सूचना

वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २३ तथा रोजगारमुलक सिप विकास तालिम सञ्चालन कार्यविधि, २०७५ को दफा १५ को व्यवस्था बमोजिम वैदेशिक रोजगारमा काम गर्न जाने कामदारहरुलाई काम सम्बन्धी सिप विकास तालिम दिने संस्थाहरुलाई २०८३ असार १ गते देखि २०८३ असार १५ गतेभित्र देहाय अनुसारको कागजातहरु संलग्न राखी आ.व. २०८३/०८४ को लागि नवीकरण आवेदन दिन सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | पेश गर्नुपर्ने कागजातहरु (कागजातहरु नोटरी पब्लिकबाट प्रमाणिकरण भएको हुनुपर्ने) |
|---|---|
| १ | • अनुमतिपत्र नवीकरण गरिदिने बारेको संस्थाको निवेदन (बैदेशिक रोजगार सिप बिकास तालिम सञ्चालन कार्यबिधि, २०७५ को अनुसुची-७ अनुसार)<br>निवेदनमा आ.व. ०८१/०८२ को निम्न तालिम संचालनको वार्षिक विवरण समेत खुलाउनुपर्ने,<br>• अघिल्लो आ.व. (०८१/०८२) को प्रगति विवरण<br>• कक्षा संचालन भएको संख्या<br>• प्रशिक्षार्थी संख्या: महिला ............. पुरुष ............. जम्मा .............<br>• संस्थाको भौतिक, वित्तिय र जनशक्ति विवरण<br>• अनुमतिपत्र नवीकरण गर्ने सम्बन्धी संस्थाको संचालक समितिको निर्णय |
| २ | नवीकरण दस्तुर रु.१०,०००/- (दस हजार) *:- दाखिला अनुसारको वैदेशिक रोजगार बोर्डको सचिवालय, बबरमहल, काठमाडौंको रसिद।* |
| ३ | • अनुमतिपत्र (२०८३ असार मसान्तसम्म नवीकरण भएको)<br>• धरौटी रसिदको प्रति |
| ४ | कम्पनी रजिष्ट्रारको कार्यालयबाट आ.व. ०८१/८२ को कम्पनी अद्यावधिक गरेको पत्र |
| ५ | • आ.व. ०८१/८२ को कर चुक्ता प्रमाणपत्र<br>• आ.व. ०८१/८२ को लेखा परीक्षण प्रतिवेदनको प्रति |
| ६ | • पछिल्लो शेयर लगत र सोको कभर लेटर (कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी भएको)<br>• संस्थाको शेयर बिक्री वा हक हस्तान्तरण भएको भए सोको प्रमाण |
| ७ | • संस्थाको हाल कार्यालय रहेको स्थानको Google Plus code सहितको Updated Google map<br>• संस्थाको हाल कार्यालय रहेको जिल्ला, पालिकाको वडा नं., घर नं, सडक/मार्ग, टोल, फोन नम्वर, मोबाइल नम्वर, Website र इमेल लगायतको पूरा विवरण |
| ८ | अनुमतिपत्र लिने समयमा पेश भएका प्रशिक्षक वा पछि प्रशिक्षक परिवर्तन भएको भए त्यसरी परिवर्तन भएका प्रशिक्षकको शैक्षिक योग्यता सहितको विवरण |
| ९ | पेश गरेका सम्पूर्ण कागजातहरू वास्तविक हुन झुठा भए कानून बमोजिम सहुँला बुझाउँला भनी अध्यक्ष/संचालकले गरेको प्रतिवद्धतापत्र |

२०८३/२/२९

शाखा अधिकृत

# घरेलु कामदार अभिमुखीकरण तालिम व्यवसाय संचालन अनुमतिपत्र प्राप्त संस्थाहरुको अनुमतिपत्र नवीकरण गर्ने बारेको सूचना

वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २३ तथा घरेलु कामदार अभिमूखीकरण तालिम सम्बन्धी कार्यविधी, २०७० को दफा ११ को व्यवस्था बमोजिम वैदेशिक रोजगारमा काम गर्न जाने कामदारहरुलाई दिइने घरेलु कामदार सम्वन्धी सिप विकास तालिम प्रदायक संस्थाहरुलाई २०८३ असार १ गते देखि २०८३ असार मसान्तभित्र देहाय अनुसारको कागजातहरु संलग्न राखी आ.व. २०८३/०८४ को लागि नवीकरण आवेदन **यस विभागमा** दिन सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | पेश गर्नुपर्ने कागजातहरु (कागजातहरु प्रमाणित भएको हुनुपर्ने।) |
|---|---|
| १ | संस्थाको निवेदन |
| २ | अघिल्लो आर्थिक वर्ष २०८१/०८२ को प्रगति |
| ३ | संस्थाको भौतिक, वित्तिय र जनशक्ति सम्बन्धि विवरण |
| ४ | अघिल्लो आर्थिक वर्ष २०८१/०८२ मा तालिम प्रदान सम्वन्धी प्रगति विवरण (तालिम प्राप्त व्यक्तिहरुको ठेगाना जिल्ला, जातिगत र लैंगिक विवरण सहित नामावली) |
| ५ | मन्त्रालय विभाग सचिवालयबाट अनुगमन भएको मिति र दिएका सुझावहरु र कार्यान्वयन अवस्था |
| ६ | कम्पनी रजिष्ट्रारको कार्यालयबाट आ.व. ०८१/८२ को कम्पनी अद्यावधिक गरेको पत्र |
| ७ | नवीकरण दस्तुर वापत रु.१००००/- (दस हजार) बुझाएको भौचर |
| ८ | • आ.व. ०८१/८२ को कर चुक्ता प्रमाणपत्र<br>• आ.व. ०८०/८१ को लेखा परीक्षण प्रतिवेदनको प्रति |
| ९ | • पछिल्लो शेयर लगत र सोको कभर लेटर (कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी भएको)<br>• संस्थाको शेयर बिक्री वा हक हस्तान्तरण भएको भए सोको प्रमाण |
| १० | • संस्थाको हाल कार्यालय रहेको स्थानको Google Plus code सहितको Updated Google map<br>• संस्थाको हाल कार्यालय रहेको घर नं, सडक/मार्ग, टोल, फोन नम्वर, मोबाइल नम्वर, Website र इमेल लगायतको पूरा विवरण |
| ११ | अनुमतिपत्र प्राप्त संस्थाको प्रशिक्षक र हाल कार्यरत कर्मचारीहरुको विवरण |
| १२ | अनुमतिपत्र लिने समयमा पेश भएका प्रशिक्षक वा पछि प्रशिक्षक परिवर्तन भएको भए त्यसरी परिवर्तन भएका प्रशिक्षकको शैक्षिक योग्यता सहितको विवरण |
| १३ | पेश गरेका सम्पूर्ण कागजातहरू वास्तविक हुन झुठा भए कानून बमोजिम सहुँला बुझाउँला अध्यक्ष/संचालकले गरेको प्रतिवद्धतापत्र |

२०८३।२।२९

शाखा अधिकृत